# येशू ख्रीष्ट किन मर्नुभयो ?



**१. छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो ।**

मर्कुस २:१७ यो सुनेर येशूले तिनीहरुलाई भन्नुभयो, "निरोगीहरुलाई वैद्यको खाँचो पर्दैन, तर रोगीहरुलाई मात्र पर्छ । तर म धर्मीहरुलाई हैन तर पापीहरुलाई बोलाउन आएको हुँ ।"

रोमी ३:१० जसो लेखिएको छ, "धर्मी कोही छैन, एकजना पनि छैन ।"

मत्ती १८:११ किनभने मानिसको पुत्र हराएकाहरुलाई बचाउन आएको हो ।

**२. हामीले आफ्नो पापद्वारा अनन्तको मृत्यु कमाएका छौं ।**

मत्ती १५:१८-२० तर जुन कुराहरु मुखबाट बाहिर आउँछन्, ति हृदयबाट निस्कन्छन्, र तिनैले मानिसलाई अशुद्ध तुल्याउँछन् । किनकी हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झुटो गवाही र निन्दा बाहिर निस्कन्छन् । यी कुराहरुले चाहिँ मान्छेलाई अशुद्ध पार्छन् तर हात नधोइ खानाले यसलाई अशुद्ध पार्दैन ।

रोमी ६:२३ किनकी पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।

मर्कुस १६:१६ विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ तर विश्वास नगर्ने दोषी ठहरिने छ ।



**पापको ज्याला मृत्यु हो**

**३. येशू क्रुसमा मर्नुभयो र हाम्रो पापको सजाय-मृत्युलाई अंगाल्नुभयो ।**

मत्ती १:२१ तिनले एउटा पुत्र जन्माउनेछिन् र तिमीले उनको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरुलाई तिनीहरुका पापबाट बचाउनुहुनेछ ।

रोमी ५:८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।

युहन्ना ३:१६ किनभने परमेश्वरले संसारलाई यस्तोप्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।

मत्ती १८:११ किनभने मानिसको पुत्र हराएकालाई बचाउन आएको हो ।



**४. परमेश्वरको अनुग्रह र दयाको कारण, तपाईले केवल विश्वास साथ येशूलाई ग्रहण गर्नमात्र पर्दछ।**

प्रेरित ४:१२ अरु कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्ग मुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।

एफिसी २:८-९ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ-र यो तिमीहरु आफैंबाट होइन, यो त परमेश्वरको वरदान हो-कर्महरुद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।

तीतस ३:५ तब हामी आफैले धार्मिकतामा गरेको कामबाट होइन तर उहाँको आफ्नै कृपाअनुसार पुर्नजीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।




**५. यदि तपाईले येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुभयो भने, तपाईको पापहरु क्षमा हुनेछन् ।**

मर्कुस ९:२३ येशूले तिनलाई भन्नुभयो, “तपाईले सक्नुहुन्छ ! भनि के भनेको ? विश्वास गर्नेको लागि त सबै कुरा सम्भव छ ।”

मर्कुस १:१५ उहाँले भन्नुभयो, “समय पूरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ । पश्चाताप गर, र सुसमाचारमा विश्वास गर ।”

मर्कुस १०:१५ साँच्चै म तिमीहरुलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकलेजस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्ने छैन ।

रोमी १०:९,१० किनकी यदि तिमीले येशूलाई प्रभु हो भनि आफ्नो मुखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनि आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।

किनकी मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ ।



**तपाईको पूर्ण भरोसा येशूमाथि राख्नुहोस्**

**यदि तपाई येशू ख्रीष्टलाई ग्रहण गर्न चाहनुहन्छ भने, तपाई यहाँ दिइएको यो प्रार्थना गर्न सक्नुहुन्छ । तर सम्झनुहोस्, यो प्रार्थना वा अरु कुनै प्रार्थनाले तपाईलाई बचाउन सक्दैन । ख्रीष्टमा पूर्ण भरोसा गरेर मात्र पापबाट छुट्कारा पाइन्छ । यो प्रार्थना परमेश्वरलाई तपाईले उहाँमा गर्नुभएको विश्वास र तपाईलाई क्षमादान दिनु भएको लागि उहालाई धन्यवाद चढाउने एक साधारण अभिव्यक्ति मात्र हो ।**



**परमेश्वर पिता, मैले तपाईको विरुद्धमा पाप गरेको छु र दण्ड भोग्न योग्यको छु । तर मेरो पापको सजाय येशू ख्रीष्टले क्रुसमा लिनुभयो ताकि उहाँमा विश्वास गरेर मलाई क्षमा भएको छ । म आफ्नो पापबाट फर्केर मेरो मुक्तिको लागि तपाईमा भरोसा गर्दछु । तपाईको महान् अनुग्रह तथा पाप क्षमाको लागि धन्यवाद दिदछु । आमेन ।**

**Translated by Pastor Devaraj Bhandari**